# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, वैशाख ८ गते २०६२ साल (अतिरिक्ताङ्क ६(क)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकार मन्त्रिपरिषद्को मिति २०६१।१२।३१ को निर्णयानुसार आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः–

(क) आर्थिक अध्यादेश, २०६१ को दफा १६ को उपदफा (१) को खण्ड (क) र (ख) मा उल्लिखित पैठारी हुने मालवस्तुमा लाग्ने १.५ प्रतिशत विशेष शुल्कको सट्टा ५% प्रतिशत मात्र विशेष शुल्क असुल गर्ने

(ख) आर्थिक अध्यादेश, २०६१ को अनुसूची-१ को दफा ७ को उपदफा (७) बमोजिम मालवस्तुको पैठारी गर्दा पैठारीकर्ताले घोषणा गरेको कारोवार मूल्य भन्सार अधिकृतले निर्धारण गरेको मूल्यभन्दा घटी भएमा घटी भएको जति मूल्यमा शत प्रतिशत थप महसुल असुल गर्नुपर्ने प्रावधानको सट्टा पचास प्रतिशत मात्र थप महसुल असुल गर्ने।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

992